जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ अंक १३३ २०७८ साल पुस ७ गते बुधबार (22 Dec. 2021 Wednesday) मूल्य रु. ५/-

**Log on : rajbirajdainik.com.np**

आत्महत्या समस्याको समाधान होइन, अमुल्य जीवन त्यसै खेर नफालौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र :* २ पृष्ठमा : नेप्सेमा सूचीकृत वाणिज्य.. ३ पृष्ठमा : मतदाता नामावली संकलनमा ... ३ पृष्ठमा :विश्व स्वास्थ्य संगठनद्वारा ...

# नेपाली काँग्रेस सप्तरीका सभापति दिनेश यादव केन्द्रीय सदस्यमा निर्वाचित

**दैनिक समाचारदाता**
**राजविराज, ६ पुस ।**

नेपाली काँग्रेसको १४ औं महाधिवेशन अन्तर्गत समावेशी मधेशी क्लस्टरतर्फको केन्द्रीय सदस्यमा नेपाली काँग्रेस सप्तरीका सभापति दिनेश यादव निर्वाचित भएका छन् ।

मधेशी क्लस्टरमा पाँच केन्द्रीय सदस्य निर्वाचित हुने व्यवस्था अनुसार यादवसहित अजय चौरसिया, उद्योगपति बिनोद चौधरी, चन्द्रमोहन



यादव, महेन्द्रकुमार राय निर्वाचित भएका छन् ।

यादवले एक हजार ९ सय ५९ मत ल्याई पाँचौं स्थान हासिल गरे भने अजय चौरसियाले दुई हजार ५ सय २२, विनोद चौधरी दुई हजार २ सय ६ ,चन्द्रमोहन यादव दुई हजार १ सय ३८ र महेन्द्रकुमार राय एक हजार ९ सय ८४ मत प्राप्त गरी निर्वाचित भएको निर्वाचन समितिका सचिव जगन्नाथ श्रेष्ठले जानकारी दिएका छन् ।

नवनिर्वाचित केन्द्रीय सदस्य चौधरी प्रसिद्ध उद्योगपति हुनुहुन्छ भने चन्द्रमोहन भने संघीय लोकतान्त्रिक गणतन्त्र नेपालका प्रथम राष्ट्रपति डा रामवरण यादवका छोरा हुन । यस्तै मधेशी महिलातर्फ मुक्ताकुमारी यादव तीन हजार ९ सय ६९, मिनाक्षी झा तीन हजार १२, मञ्जुकुमारी यादव दुई हजार ८ सय ८३ र नागिना यादव दुई हजार ८ सय ४६ मत ल्याएर विजयी भएका छन् ।

गत मंसिर २७ गते पदाधिकारीसहित १ सय ३४ पदका लागि भएको निर्वाचनको ७२ जनाको मत परिणाम सार्वजनिक भएको छ । समावेशीतर्फका बाँकी ६२ केन्द्रीय सदस्यको मत परिणाम पनि बुधबारसम्म सार्वजनिक गर्ने गरी मत गणना भइरहेको सचिव श्रेष्ठले जानकारी दिए ।

# वडा सचिवको शोक मनाउन गाउँपालिकामा बिदा



**दैनिक समाचारदाता**
**राजविराज, ६ पुस ।**

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकाका वडा सचिव राजेश सिंहको भएको असामयिक निधनका कारण मंगलबार शोक मनाउन गाउँपालिकामा विदा दिइएको छ ।

गाउँपालिकाका अध्यक्ष सतिशकुमार सिंहले मंगलबार एक शोक वक्तब्य मार्फत सिंहको निधनप्रति गहिरो दुःख व्यक्त गर्दै शोक मनाउन गाउँपालिका र मातहातका सबै कार्यालय बन्द रहने जनाएका छन् ।

शोक वक्तब्यमा उनले

*बाँकी दुई पृष्ठमा*

**जग्गा बिक्रीमा**

राजविराज वडा नं. १ स्थित राजदेवी माविको छेउमा ७ फिट बाटो समेत रहेको जग्गा बिक्रीमा छ ।

**सम्पर्क : 9804835916**

# प्रदेश २ काँग्रेस सभापतिका लागि रामसरोज यादव र कृष्ण यादवको उम्मेदवारी





**दैनिक समाचारदाता**
**जनकपुरधाम, ६ पुस ।**

नेपाली कांग्रेसको प्रदेश २ सभापतिका लागि रामसरोज यादव र कृष्ण यादवको उम्मेदवारी परेको छ । मंगलबार उम्मेदवारी दर्ता भएपछि बुधबार बिहानैदेखि मतदान हुने निर्वाचन समितिले जनाएको छ ।

रामसरोज प्रदेश २ को भौतिक पूर्वाधार विकासमन्त्री हुन् । उनी नेता विमलेन्द्र निधिनिकट छन् । यस्तै कृष्ण पार्टीको रौतहट जिल्ला सभापति हुन् । उनी सभापति शेरबहादुर देउवा निकटका छन् ।

यसअघि अधिवेशनको मंसिर १६ गते नै उद्घाटन भएपनि सर्लाहीसहित केही जिल्लाबाट प्रतिनिधि छनोट नभएकाले निर्वाचन कार्यक्रम स्थगित भएको थियो ।

केन्द्रीय महाधिवेशन पछि हुन लागेको प्रदेश अधिवेशनलाई दुबै पक्षले महत्वका साथ लिएको छ । देउवा पक्षका नेता तथा गृहमन्त्री बालकृष्ण खाण दलबलसहित जनकपुरमा छन् ।

नवनिर्वाचित सहमहामन्त्रीद्वय महेन्द्र यादव, फरमुल्लाह मन्सुर, केन्द्रीय सदस्यहरु चित्रलेखा यादव, सुरेन्द्रराज पाण्डे, रामहरि खतिवडा, उदय शमशेर राणा, आनन्द ढुंगाना रमेश रिजाल आफ्नो पक्षमा परिणाम निकाल्न कस्सिएर लागेका छन् ।

यता निधि-कोइराला पक्षका प्रभावशाली नेता जनकपुरमा छन् । निधि आफै मैदानमा खटिएका छन । निधिलाई साथ दिन उपसभापति धनराज गुरुङ र महामन्त्री गगनकुमार थापा र उपसभापतिका प्रत्यासी चन्द्रभण्डारी पनि जनकपुरमा छन् । कोइराला पक्षबाट प्रदेश एकका सभापतिका प्रत्यासी गुरुराज घिमिरे, कर्णाली प्रदेश सभापतिका प्रत्यासी भूपेन्द्रजंग शाही, सहमहामन्त्रीका प्रत्यासीद्वय रामकृष्ण यादव र तेजुलाल चौधरी चुनावी रणनीति बनाउन व्यस्त छन् ।

**आवश्यकता । आवश्यकता ॥ आवश्यकता ॥।**

खदिजा ट्रेडर्स एण्ड सप्लायर्सलाई एक जना अनुभवी इच्छुक कर्मचारी चाहिएकोले समयमै सम्पर्क गर्नु होला ।

**पद : लेखापाल/संख्या : १ (एक) जना**

+2 (Management) मा उत्तिर्ण गरेको वा सो सरह एक वर्ष सम्बन्धित विषयमा कार्य अनुभव भएको तथा Accounting Software को जानकारी भएको र नेपाली, अंग्रेजी भाषामा टाइप गर्न सकिने ।

**सम्पर्क**

**खदिजा ट्रेडर्स एण्ड सप्लायर्स**
**राजविराज ९, मलेठ, बिहारपुर**
**मोबाइल नं. ९८०१५१५०१५**

मास्क लगाउनुहोस्

मैले लगाएको मास्कले तपाईंको सुरक्षा गर्छ



तपाईंले लगाउनुभएको मास्कले मेरो सुरक्षा गर्छ

हामी सबैको साझेदारीले मात्र हामी एक अर्कालाई बचाउन सक्छौं



मास्क लगाऔं



भौतिक दुरी कायम गरौं



बेलाबेलामा साबुनपानीले हात धोऔं

अनुरोधकर्ता : तिलाठी कोइलाडी गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

## सम्पादकीय ....

# स्थानिय सरकारको अनुभूती दिलाऊ

विगत तीन दिनदेखी चिसो बढ्दै गएको छ। यता चिसो बढेसँगै पुनः कोरोनाको त्रास समेत बढ्दै गएको छ। एक त चिसो त्यसमा पनि कोरोनाको त्रासले गर्दा जनजिवन प्रभावित भएको छ। चिसोका कारण गरिब, निमुखा जनताहरु न्यानो कपडाको पखाईमा छन्। उनीहरुका लागि स्थानिय तहले न्यानो कपडा तथा चिसोबाट बच्नका लागि अन्य प्रबन्ध मिलाउने आश्वासन दिनुका साथै बजेट समेत छुट्याएका छन्। तर, अहिलेसम्म स्थानिय तह आफ्नो प्रतिबद्धताप्रति बेखबर छन् भने बजेटलाई कुन प्रकारले प्रयोगमा ल्याउने बारे ध्यान दिनसकेका छैनन्।

यसरी गरिब जनता चिसो छल्न अरुकै मुख ताकिरहेको अवस्था छ भने कोरोनाको कहर पुनः बढ्न सक्ने सम्भावनाप्रति विश्व स्वास्थ्य संगठनले सतर्कता अपनाउन सबैलाई अपील गरेको छ। यस्तो अवस्थामा स्थानिय तहहरुले चिसो र कोरोनाको बढ्दो त्रासप्रति सतर्कता अपनाउन हालसम्म कुनै ठोस नीति अवलम्बन गर्न सकिरहेका छैनन्। जोखिम बढ्दै जाने अवस्थामा मात्र उनीहरु आफ्नो हाउभाउ देखाउने पुरानो बानीलाई सुधार गर्न सकेको अवस्था छैन्।

तसर्थ चिसो र कोरोना दुबैबाट जनतालाई बचाउन स्थानिय सरकार गम्भिर हुनु आवश्यक छ। यसप्रति स्थानिय सरकारले जनताप्रति उत्तरदायित्व बहन गर्न सक्नुपर्छ। अनि मात्र जनतालाई स्थानिय सरकारको अनुभूती हुनेछ।

# नेप्सेमा सूचीकृत वाणिज्य बैंकले गरे लाभांश घोषणा

काठमाडौँ, ६ पुस (रासस)।

नेपाल स्टक एक्सचेञ्ज (नेप्से) मा सूचीकृत सबै वाणिज्य बैंकले गत आर्थिक वर्षका नाफाबाट लगानीकर्तालाई लाभांश दिने घोषणा गरेका छन्।

मुलुकका कूल २७ वाणिज्य बैंकमध्ये नेप्सेमा सूचीकृत २६ वटाले आर्थिक वर्ष २०७७/०७८ को वितरणयोग्य नाफाबाट नगद तथा बोनस शेयरसमेत दिने गरी लाभांश घोषणा गरेका हुन्। घोषणा भएका लाभांशमध्ये केही बैंकले साधारणसभा सम्पन्न गरी वितरणको निर्णयसमेत पारित गराइसकेको तथा केही चाहिँ साधारणसभाको तयारीमा छन्।

सार्वजनिक पछिल्लो तथ्याङ्कनुसार नवील बैंकले सबैभन्दा धेरै लाभांश वितरण गर्ने भएको छ। नवीलले ३३ दशमलव छ प्रतिशत बोनस शेयर तथा चार दशमलव चार प्रतिशत नगद गरी कूल ३८ प्रतिशत लाभांश वितरण गर्ने जनाएको छ। त्यस्तै गत आवको वितरणयोग्य नाफाका आधारमा सिभिल बैंकले सबैभन्दा कम पाँच दशमलव २६ प्रतिशत लाभांश वितरण गर्ने भएको छ। बैंकको घोषित लाभांशमध्ये पाँच प्रतिशत बोनस शेयर र शून्य दशमलव २६ प्रतिशत नगद हुने बैंकले जनाएको छ।

त्यस्तै हिमालयन बैंकले आफ्ना लगानीकर्तालाई २१ दशमलव ३८ प्रतिशत बोनस शेयर तथा चार दशमलव ६२ प्रतिशत नगद गरेर २६ प्रतिशत लाभांश दिने भएको छ। धेरै लाभांश दिनेमध्ये कृषि विकास बैंकले २० प्रतिशत बोनस र एक दशमलव ०५२६ प्रतिशत नगद गरी २१ दशमलव ०५२६ प्रतिशत लाभांश वितरण गर्ने निर्णय गरेको छ। सानिमा बैंकले १७ प्रतिशत बोनस तथा शून्य दशमलव ८९४७ प्रतिशत नगदसहित १७ दशमलव ८९४७, नेपाल बैंकले १४ प्रतिशत बोनस तथा तीन प्रतिशत नगदसहित १७ प्रतिशत, प्राइम कमर्सियल बैंकले १६ प्रतिशत बोनस तथा शून्य दशमलव ६३१३ प्रतिशत नगद गरी कूल १६ दशमलव ६३१३ प्रतिशत लाभांश दिने घोषणा गरेका छन्। नेपाल इन्भेस्टमेन्ट बैंकले १२ दशमलव ६११ प्रतिशत बोनस तथा तीन दशमलव ३८९ प्रतिशत नगदसहित १६ प्रतिशत र सिटिजन्स बैंकले १२ दशमलव ९१३ बोनस तथा तीन दशमलव शून्य ८७ प्रतिशत नगद गरेर १६ प्रतिशत लाभांश वितरण गर्ने जनाएका छन्।

लाभांश घोषणा गरेको एनएमबी बैंकले आफ्ना शेयरधनीलाई १२ दशमलव पाँच प्रतिशत बोनस शेयर तथा तीन दशमलव तीन प्रतिशत नगदसहित १५ दशमलव आठ प्रतिशत, एनआइसी एसिया बैंकले १५ प्रतिशत बोनस र शून्य दशमलव ७८९५ प्रतिशत नगद गरी १५ दशमलव ७८९५, नेपाल बंगलादेश बैंकले १२ प्रतिशत बोनस र तीन दशमलव पाँच प्रतिशत नगद, सिद्धार्थ बैंकले १४ दशमलव २५ बोनस र शून्य दशमलव ७५ प्रतिशत नगदसहित १५ प्रतिशत, माच्छापुच्छ्रे बैंकले १३ दशमलव तीन बोनस तथा शून्य दशमलव सात प्रतिशत नगदसहित १४ प्रतिशत, बैंक अफ काठमाडौँले १० प्रतिशत बोनस र चार प्रतिशत नगद गरी १४ प्रतिशत, ग्लोबल आइएमई बैंकले १० प्रतिशत बोनस तथा तीन दशमलव पाँच प्रतिशत नगदसहित १३ दशमलव पाँच प्रतिशत र स्ट्याण्डर्ड चार्टर्ड बैंकले दश प्रतिशत बोनस तथा तीन दशमलव शून्य छ प्रतिशत नगद गरी १३ दशमलव शून्य छ प्रतिशन लाभांश वितरण गर्ने घोषणा गरेका छन्।

प्रभु बैंकको सञ्चालक समिति बैठकले आफ्ना शेयरधनीलाई १२ प्रतिशत बोनस शेयर र शून्य दशमलव ६३ प्रतिशत नगदसहित १२ दशमलव ६३ प्रतिशत लाभांश दिने भएको छ। मेगा बैंकले दश प्रतिशत बोनस तथा दुई दशमलव शून्य सात नगदसहित १२ दशमलव शून्य सात प्रतिशत आफ्ना शेयरधनीलाई दिने भएको छ। लक्ष्मी बैंकले आठ प्रतिशत बोनस तथा तीन दशमलव पाँच नगद गरेर ११ दशमलव पाँच प्रतिशत, एभरेष्ट बैंकले छ प्रतिशत बोनस शेयर र चार दशमलव ३२ प्रतिशत नगद, कुमारी बैंकले छ प्रतिशत बोनस तथा दुई दशमलव ६७ प्रतिशत नगद, नेपाल क्रेडिट एण्ड कमर्स बैंक (एनसिसी) ले आठ प्रतिशत बोनस शेयर र शून्य दशमलव ४२ प्रतिशत नगद र सनराइज बैंकले छ दशमलव ६५ प्रतिशत बोनस शेयर र शून्य दशमलव ३५ प्रतिशत नगदसहित सात प्रतिशत लाभांश वितरण गर्ने बताएका छन्।

सेन्चुरी बैंकको लगानीकर्तालाई बैंकले पाँच दशमलव ७५ प्रतिशत बोनस तथा शून्य दशमलव तीन प्रतिशत नगद गरी छ दशमलव ०५ प्रतिशत लाभांश दिने घोषणा गरेको छ। त्यस्तै नेपाल एसबिआई बैंकले तीन दशमलव पाँच प्रतिशत बोनस शेयर र एक दशमलव ८१ प्रतिशत नगद गरी जम्मा पाँच दशमलव ३१ प्रतिशत लाभांश वितरण गर्ने घोषणा गरेको छ।

घोषणा भएका लाभांश नियामकको अनुमति र साधारणसभाबाट पारित भएपछि मात्रै शेयरधनीले प्राप्त गर्छन्। शेयरधनी दर्ता पुस्तिका बन्द ( बुक क्लोज) को दिनसम्म कायम शेयरधनीले साधारणसभामा भाग लिन र लाभांश पाउन योग्य हुन्छन्। घोषित लाभांशमध्ये नगद लगानीकर्ताले उपलब्ध गराएको बैंक खाता र बोनस शेयर डिम्याट खातामा सोझै जम्मा हुन्छ।

### वडा सचिवको ...

सिंहको निधनबाट गाउँपालिकालाई अपूर्णिय क्षति हुनुका साथै एक कुशल कर्मचारी गुमाएको उल्लेख गर्दै शोक सन्तप्त परिवारप्रति गहिरो संवेदना ब्यक्त गरिएको छ।

सोही गाउँपालिका निवासी ४९ वर्षिय सिंहको सोमबार उपचारको क्रममा निधन भएको थियो।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी

Dr. Ranjana Giri

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

Infertility Specialist (Consultant IVF)

NMC No. : 10635

बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569


## खाद्य उद्योगी किराना पसल सञ्चालक एवं होटेल, मिठाई पसल रेष्टुरेन्ट सञ्चालकमा खाद्य प्रविधि तथा गुण नियन्त्रण डिबिजन कार्यालय राजविराजको अनुरोध

१. खाद्य पदार्थ एवं तैयारी खानेकुरालाई छोपेर राख्नुहोला एवं पूर्ण लेवल विवरण भएको पदार्थ प्रयोग गर्नु होला।
२. बासी सडेगलेका एवं झिंगा भनकेका खानेकुराहरू नबेच्नु होला।
३. पकाउनु पर्ने वा तारेर खाने कुनै पनि खानेकुरामा रंगको प्रयोग नगर्नुहोला।
४. तेलको प्रयोगमा सावधानी अपनाउनु होला साथै एउटै तेललाई पटक-पटक प्रयोग नगर्नुहोला।
५. मिठाईमा हाईड्रो जस्ता अखाद्य रंग प्रयोग नगर्नुहोला।
६. पिउने पानीलाई स्वच्छ र सफा तरिकाले राख्नुहोला।
७. खाद्य पदार्थ तैयार गर्ने र बाँड्ने ब्यक्तिको आफ्नो ब्यक्तिगत सर-सफाईमा ध्यान दिनु होला।
८. किराना पसल सञ्चालकहरुले ब्याच नम्बर उल्लेख नभएको उत्पादन मिति, उपभोग्य मिति सकेको खाद्य पदार्थ बिक्री वितरण नगरौं।
९. खाद्य उद्योगीले खाद्य अनुज्ञापत्र लिई मात्र उत्पादित खाद्य पदार्थ बिक्री वितरण गर्नुहोला।
१०. मासु ब्यवसायीले अखाद्य रंगको प्रयोग नगर्नुहोला।

गुनासोका लागि

खाद्य प्रविधि तथा गुण नियन्त्रण डिबिजन कार्यालय राजविराज, सप्तरी

०३१-५२२५२३

# मतदाता नामावली संकलनमा सहयोग पुऱ्याउन निर्वाचन आयोगको अपिल

काठमाडौँ, ६ पुस (रासस)।

निर्वाचन आयोगले मतदाता नामावलीमा नाम दर्ता गराउन छुट भएका व्यक्तिलाई पायक पर्ने निर्वाचन कार्यालय, जिल्ला प्रशासन कार्यालय र इलाका प्रशासन कार्यालयबाट नाम दर्ता गराउन सहयोग र सहजीकरण गर्न राजनीतिक दललगायत सबैमा अपिल गरेको छ।

देशका सबै निर्वाचन कार्यालय, सबै जिल्ला प्रशासन कार्यालय र तोकिएका इलाका प्रशासन कार्यालयबाट १६ वर्ष उमेर पूरा गरी नेपाली नागरिकता प्राप्त गरेका व्यक्तिको मतदाता अहिले नामावली सङ्कलन कार्य भइरहेको छ। नामावली सङ्कलन विशेष कार्यक्रम सञ्चालन भइरहँदा मतदाता नामावलीमा दर्ता, व्यवस्थापन, समावेशीजस्ता विषयका सम्बन्धमा उठाइएका प्रश्नप्रति ध्यानाकर्षण भएको जनाउँदै आयोगले उक्त कार्यमा सहयोग पुऱ्याउन सम्पूर्ण सरोकारवालाबाट सहयोगको अपेक्षा गरेको जनाएको छ।

मतदाता नामावली सङ्कलन विशेष कार्यक्रममार्फत हिमाली र पहाडी जिल्लाका स्थानीय तहमा १० दिन र अन्य जिल्लाका स्थानीय तहमा १५ दिनका दरले पहिलो चरणको कार्यक्रम समाप्त भई दोस्रो चरणको कार्यक्रम सञ्चालन भइरहेको छ। स्थानीय तहमा कार्यक्रम सञ्चालन भइरहेको अवस्थामा आफ्नै स्थानीय तहबाट मतदाता नामावलीमा नाम दर्ता गर्नसकिने व्यवस्था मिलाइएको छ।

आयोगले आफ्नो स्थानीय तहमा कार्यक्रम समाप्त भएपछि मतदाता नामावलीमा नाम दर्ता गराउन छुट भएकाले निर्वाचन कार्यालय, जिल्ला प्रशासन कार्यालय र इलाका प्रशासन कार्यालयमध्ये पायक पर्ने कार्यालयबाट मतदाता नामावलीमा नाम दर्ता गराउन सकिने स्पष्ट पारेको छ। आयोगले मतदाता नामावलीमा नाम छुट भएका ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, गर्भवती एवं सुत्केरीलाई प्राथमिकता दिने, दर्तास्थलमा खानेपानी, शौचालय तथा सम्भव भएसम्म स्तनपान कक्षका साथै दर्तास्थल लैङ्गिक तथा अपाङ्गतामैत्री हुने व्यवस्था मिलाउन स्थानीय तहलाई अनुरोध गरेको छ।

आयोगले गम्भीर प्रकृतिका अशक्त, दीर्घरोगी, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, गर्भवती तथा सुत्केरीलाई विश्राम कक्ष र दर्ता स्थलसम्म सहज पहुँचका लागि विशेष व्यवस्था गर्न भनेको छ। मतदाता नामावली दर्ता स्थलमा स्वास्थ्य सुरक्षाका मापदण्डको पालना गर्ने व्यवस्था मिलाउन सबै स्थानीय तहसमक्ष सहयोग उपलब्ध गराउनका लागि अनुरोध गरिएको आयोगका प्रवक्ता शालीग्राम शर्माले जानकारी दिनुभयो।

# उद्यमीका लागि सहुलियतपूर्ण कर्जा

काठमाडौँ, ६ पुस (रासस)।

उद्यमशील महिला र युवाका लागि चार प्रकारका कर्मिशियल बैंकले 'सहुलियतपूर्ण कर्जा' लगानी गर्दै आएका छन्। नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त 'क', 'ख', 'ग' र 'घ' बर्गका बैंक तथा वित्तीय संस्थाले सहुलियत कर्जा दिने व्यवस्था कार्यविधिले किटान गरेको छ।

नेपाल सरकारको निर्णयलाई कार्यान्वयन गर्न नेपाल राष्ट्र बैंकले २०७५/०७६ मा व्याज अनुदानसम्बन्धी एकीकृत कार्यविधि तयार गरेदेखि सहुलियतपूर्ण कर्जा लगानीमा बाटो खुला भएको हो। नेपाल सरकारले पहिलो पटक २०७५ मा व्याज अनुदानसम्बन्धी एकीकृत कार्यविधि तयार पारेको थियो। सो कार्यविधिले सीप र पेशालाई आधुनिकीकरण एवं प्रवर्द्धन गरी उद्यमशीलता विकास गर्न आर्थिकरुपमा विपन्न, सीमान्तकृत समुदाय तथा लक्षित वर्गलाई सहुलियतपूर्ण कर्जा उपलब्ध गराउने नीति लिएका छ।

नेपाल राष्ट्र बैंक, वित्तीय संस्था नियमन विभागले तयार पारेको कार्यविधिले उच्च र प्राविधिक तथा व्यावसायिक शिक्षा कर्जा, दलित समुदाय व्यवसाय कर्जा, महिला उद्यमशील कर्जा, वैदेशिक रोजगारबाट फर्केका युवा परियोजना, विपन्न वर्ग कर्जा, व्यावसायिक कृषि तथा पशुपक्षी कर्जा, शिक्षित युवा स्वरोजगार कर्जा, भूकम्पपीडितका लागि निजी आवास कर्जा र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट तालिम प्राप्त व्यक्तिका लागि सहुलियतपूर्ण कर्जा दिने व्यवस्था कार्यविधिमा उल्लेख छ।

कार्यविधिले व्यासायिक कृषि तथा पशुपक्षी कर्जा रु पाँच करोड, शिक्षित युवा स्वरोजगार कर्जा रु सात लाख, युवा वर्ग स्वरोजगार कर्जा रु पाँच लाख, वैदेशिक रोजगारबाट फर्केका युवा परियोजना कर्जा रु १० लाख, दलित समुदाय व्यवसाय कर्जा रु १० लाख, महिला उद्यमशील कर्जा रु १५ लाख र भूकम्पपीडित आवास कर्जा रु तीन लाख दिनसकिने व्यवस्था गरेको छ।

ऋणीसँग कर्जाको भुक्तानी अवधि बढीमा पाँच वर्ष, अनिवार्य धितो हुनुपर्ने र बैंकले आधार दरमा दुई प्रतिशतभन्दा बढी व्याज लिन नपाउने, व्याजबाहेकका अन्य कुनै प्रकारको थप सेवा शुल्क लिन नपाइने व्यवस्था छ।

"समाजमा सीप र जागर भएका तर कर्जाको अभावले काम गर्न नपाएका धेरै युवा जमात छन्। उनीहरुमा काम गर्ने उत्साह नभएको पनि होइन। तर योजना बनाउन नसक्दा र उद्यमशील कर्जा लिन प्रक्रिया नजान्दा अप्ठचारो झेल्नुपरेको बताउनुहुन्छ", युवा उद्यमी दिलसुन्दर श्रेष्ठ।

'मा चण्डेश्वरी' कृषि फार्म का प्रोपाइटर आइत नारायण बाँसुरी सहुलीयतपूर्ण कर्जा पाउन नसकेकामा दुःखी हुनुहुन्छ। उहाँले बनेपामा विगत सात वर्षदेखि डल्ले र कन्ने च्याउ उत्पादन गर्दै आउनुभएको छ। उहाँको च्याउ उत्पादन गर्ने २० टनेल छन्। सहुलियतपूर्ण कर्जाका लागि बनेपास्थित केही बैंकमा थुप्रै पटक धाउँदा सहुलियतपूर्ण कर्जा पाउन सकेको बताउनुहुन्छ।

कात्तिक मसान्तसम्म एक लाख ३३ हजार ९३० ऋणीले सहुलियतपूर्ण कर्जा लिएकामध्ये रु दुई खर्ब पाँच अर्ब दुई करोड कर्जा बक्यौता रहेको नेपाल राष्ट्र बैंकले जनाएको छ। सहुलियतपूर्ण कर्जा लिएका ऋणीले समयमा सावाँ व्याज भुक्तानी नगर्नेलाई व्याज अनुदानसम्बन्धी एकीकृत कार्यविधिको परिच्छेद-९ ले ऋणीलाई कालोसूचीमा राख्ने, राहादानी रोक्का, चलअचल सम्पत्ति बिक्री वितरणमा रोक, नागरिक सुविधाबाट बञ्चित र ऋणीका सम्पूर्ण कारोबार रोक्कासमेत गर्न सकिने व्यवस्था छ।

सहुलियतपूर्ण कर्जामा कृषि तथा पशुपक्षी व्यवसाय कर्जाअन्तर्गत ५५ हजार ११६ ऋणीलाई रु एक खर्ब ३० अर्ब २३ करोड र महिला उद्यमशीलता कर्जाअन्तर्गत ७६ हजार २० महिलालाई रु ७१ अर्ब १५ करोड कर्जा रहेको छ। सहुलियतपूर्ण कर्जाका अन्य शीर्षकअन्तर्गत दुई हजार ७९४ ऋणीको रु तीन अर्ब ६४ करोड कर्जा बक्यौता रहेको छ।

कार्यविधिले सहुलियतपूर्ण कर्जा प्राप्तिका लागि बैंक तथा वित्तीय संस्थामा जाने निवेदक वा ऋणीले निवेदन दिएको सात दिनभित्र स्वीकृत गर्नुपर्ने र स्वीकृत हुन नसक्ने भएमा स्पष्ट जानकारी दिनुपर्ने व्यवस्था गरेको छ।




# विश्व समाचार

## विश्व स्वास्थ्य संगठनद्वारा क्रिसमसका कार्यक्रम रद्द गर्न आग्रह

न्युयोर्क, ६ पुस (रासस/सिन्ह्वा)।

अमेरिकामा ओमिक्रोनका सङ्क्रमितहरु बढ्दै गएको देखिएको छ। यहाँ हरेक दिन यसका सङ्क्रमित बढ्ने गरेका बताइएको छ। अमेरिकाका स्वास्थ्य अधिकारीहरुले पछिल्लो समयमा त अमेरिकामा हुने गरेको कोरोनाको सङ्क्रमणमा सबैभन्दा धेरै सङ्क्रमण ओमिक्रोनका कारणले हुन लागेको देखिएको बताएका छन्।

अमेरिकाका प्रमुख सङ्क्रामक रोग विशेषज्ञ डा.एन्थोनी फाउचीले क्रिसमसका बेला गरिने यात्राले कोभिडविरुद्ध खोपको पूर्ण मात्रा लगाएकाहरूमा पनि ओमिक्रोनको सङ्क्रमण सर्न सक्ने बताउनुभएको छ। यसअघि पनि अमेरिकाको सेन्टर्स् फर डिजिज कन्ट्रोल एन्ड प्रिभेन्सन र विदेश मन्त्रालयले अमेरिकीहरूलाई स्पेन, फिनल्यान्ड र लेबनानसहित आठवटा देशमा यात्रा नगर्न सुझाव दिएका छन्। अमेरिकाका अधिकारीहरुले विश्वका अरु देशका तुलनामा ओमिक्रोन भाइरस अमेरिकाका निकै नै द्रुत गतिमा फैलिएको जनाएका छन्। उनीहरुले गएको डिसेम्बर १ मा मात्र अमेरिकामा पहिलो सङ्क्रमित देखिएकामा अहिले आएर यहाँका करिब ४८ राज्यमा नै यो सङ्क्रमण फैलिएको जनाएका छन्।

उता कोभिडको ओमिक्रोन भेरिअन्ट फैलिरहेका बेला जनस्वास्थ्यको रक्षाका लागि भन्दै आफ्ना छुट्टीका कार्यक्रमहरु तथा योजना रद्द गर्न सर्वसाधारणलाई विश्व स्वास्थ्य संगठनले आग्रह गरेको पनि गरेको छ। विश्व स्वास्थ्य संगठनका प्रमुख डा. टेड्रोस एड्हानोम गेहब्रेयससले कठिन परिस्थिति भएकाले यस्तो कठिन निर्णय गर्न पनि पछि हट्न नहुने सुझाव पनि सबैलाई दिनुभएको छ।

उहाँले ओमिक्रोन डेल्टा भेरिअन्टभन्दा निकै तीव्र गतिमा फैलिरहेको तथ्य पत्ता लागेको भन्दै यो क्रिसमसका बेला हुने ओहारदोहोरले अझ धेरै असर गर्नेतर्फ सबैजना सचेत हुनुपर्ने बताउनुभयो। क्रिसमसका बेला हुने यात्राले कोभिडको नयाँ भेरियन्ट फैलाउने अमेरिकी विज्ञको पनि भनाई यसअघि नै आएको थियो। फ्रान्स र जर्मनीसहित कैयौं राष्ट्रले कडा नियमहरू लागु गर्नुका साथै नयाँ भेरिअन्ट फैलिन नदिनका लागि यात्रामा प्रतिबन्ध पनि लगाइरहेका छन्।

## भारतमा थप पाँच हजार ३२६ जना कोरोना संक्रमित

नयाँदिल्ली, ६ पुस (रासस/एएनआई)।

भारतमा कोरोना भाइरसबाट थप पाँच हजार ३२६ सङ्क्रमित भएका छन् । सङ्क्रमितको यो संख्या ५८१ दिनको नै सब भन्दा कम भएको केन्द्रीय स्वास्थ्य र परिवार कल्याण मन्त्रालयले मङ्गलबार जानकारी दिएको छ। सोही अवधिमा थप ४५३ जनाको कोरोना सङ्क्रमणका कारण मृत्यु भएको छ। यसैसँगै भारतमा कोरोनाको कारण ज्यान गुमाउने व्यक्तिको संख्या चार लाख ७८ हजार ७ पुगेको मन्त्रालयले थप जानकारी दिएको छ।

भारतमा अहिले सङ्क्रमित अवस्थामै रहेकाको सङ्ख्या ७९ हजार ९७ रहेको छ। अहिले सङ्क्रमित अवस्थामै रहेकाको सङ्ख्या कूल सङ्क्रमितको सङ्ख्याको ०.२४ प्रतिशत मात्रै रहेको मन्त्रालयले जनाएको छ। सक्रिय सङ्क्रमितको यो संख्या ५७४ दिनको नै सब भन्दा कम रहेको अधिकारीले जनाएका छन्।

गएको २४ घण्टामा भारतमा आठ हजार ४३ कोरोनाबाट मुक्त भएका छन्। यसैसँगै कोरोना शुरु भएयता हालसम्म तीन करोड ४१ लाख ९५ हजार ६० जनालाई कोरोना सङ्क्रमण निको भएका छन्। भारतमा कोरोना भाइरस निको हुने दर ९८.४० प्रतिशत रहेको जनाइएको छ। यो सङ्ख्या सन् २०२० को मार्चपछि सबभन्दा बढी भएको समाचारमा जनाइएको छ। भारतमा कोरोना शुरु भएदेखि हालसम्म ६६ करोड ६१ लाख भन्दा बढी व्यक्तिको कोरोना परीक्षण भएको छ। यहाँ गत जनवरी १६ बाट कोरोना भाइरसविरुद्ध खोप अभियान शुरु भएको थियो। सो समयदेखि हालसम्म एक अर्व ३८ करोड ३५ लाख भन्दा बढी डोज खोप लगाइएको जनाइएको छ।

## सन् २०२२ कोभिड-१९ अन्त्य वर्ष हुनुपर्छ : विश्व स्वास्थ्य संगठन

जेनेभा, ६ पुस (रासस-सिन्ह्वा)।

विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) ले सोमबार विश्वलाई आगामी वर्ष भित्रमा कोभिड-१९ को महामारी अन्त्य गर्न एकजुट हुन आह्वान गरेको छ।संयुक्त राष्ट्रसंघ स्वास्थ्य एजेन्सीले भनेको छ "२०२२ हामीले महामारीको अन्त्य गर्ने वर्ष हुनुपर्छ। "

वर्षको अन्त्यमा चाडपर्वहरू आउँदै गर्दा, "हामी सबै सामान्य परिवेशमा फर्कन चाहन्छौं," डब्ल्यूएचओले भन्यो, "हामीले अब आफूलाई जोगाउन आवश्यक छ। अहिले भिडभाड गरेर रमाइलो मनाएर पछि शोक गर्नुभन्दा अहिले नै कार्यक्रम रद्द गरेर ढिलो मनाउनु राम्रो हो।"

ओमिक्रोन भेरियन्ट पहिलो पटक दक्षिण अफ्रिकामा फेला परेदेखि, यो दर्जनौं देशहरूमा फेला परेको छ र नयाँ संस्करण डेल्टा भेरियन्ट भन्दा बढी गम्भीर छैन तर सम्भवतः बढी संक्रामक र प्रतिरोधात्मक भने अवश्य छ। खोपको पहुँचमा असमानताको बारेमा, डब्ल्यूएचओले टिप्पणी गरेको छ, "यदि हामीले आगामी वर्षमा महामारीको अन्त्य गर्ने हो भने हामीले अहिले नै असमानता अन्त्य गर्नुपर्छ।"

# माछालाई दाना हाल्न गएका चौधरीको शव पोखरीमा भेटिए

**दैनिक समाचारदाता**
**राजविराज, ६ पुस ।**

पोखरीमा पालिएको माछालाई दाना हाल्न गई वेपत्ता भएका एक व्यक्तिको शव सोही पोखरीमा फेला परेको छ ।

सप्तरीको अग्नीसाइर कृष्णासवरण गाउँपालिका २ का बाबुनन्द चौधरीको मंगलबार बिहान शव फेला परेको हो । प्रहरीका अनुसार उनको मृत शरीर बिहान ९ बजेतिर घर नजिकैको उनकै पोखरीबाट बरामद गरिएको हो ।

सोमबार आफ्नै पोखरीमा माछालाई दाना हाल्न निस्केका उनी अबेर रातीसम्म घर नफर्किएपछि परिवारजन प्रहरीलाई खबर गरेका थिए । प्रहरीले खोजतलासकै क्रममा उक्त पोखरी किनारमा चौधरीको चप्पल फेला परेपछि पोखरीभित्र खोजतलास सुरु गरेकोमा उनको मृत शरीर फेला परेको जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी माधवप्रसाद काफ्लेले जानकारी दिए ।

माछालाई चारो हाल्ने क्रममा चिप्लिएर उनको डुबेर मृत्यु भएको अनुमान गरिएको छ । मृतकको शव मंगलबारै स्थानिय गजेन्द्र नारायण सिंह अस्पतालमा पोष्टमार्टमका लागि पु¥याई घटनाबारे आवश्यक अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# चार दिनदेखी हराइरहेकी महिलाको शव पोखरीमा फेला

**दैनिक समाचारदाता**
**महोत्तरी, ६ पुस ।**

महोत्तरी जिल्लाको मटिहानी नगरपालिका ३ बरदाहा गाउँ बस्ने एक महिला चार दिनदेखि हराइरहेकामा सोमबार साँझ पोखरीमा शव फेला परेको छ ।

जिल्ला प्रहरी कार्यालय महोत्तरीका अनुसार स्थानीय फजेल राईनकी पत्नी २२ वर्षीया रुक्साना खातुन गत शुक्रबारदेखि घरबाट हराएकी थिइन् ।

शव घर नजिकैको पोखरीमा तैरिइरहेको अवस्थामा फेला पारिएको हो । पानीमा चार दिनसम्म ढाडिएकाले शवको घाउखत स्पष्ट नदेखिएको र शङ्कास्पद मृत्यु भन्दै प्रहरीले शव परीक्षणका लागि जिल्ला अस्पताल पठाएको छ ।

उनी घरबाट हराएपछि परिवारले प्रहरी चौकीमा गरेपछि उनको खोजी भइरहेको थियो ।

# नक्कली नेपाली नोटसहित दुई भारतीय पक्राउ

सर्लाही, ६ पुस (रासस) ।

सर्लाहीको मलंगवाबाट नक्कली नेपाली नोटसहित दुई भारतीय नागरिक पक्राउ परेका छन् । उनीहरूको साथबाट रु एक लाख १५ हजार बराबरको नेपाली नक्कली नोट बरामद भएको सशस्त्र प्रहरी बल सर्लाहीले जनाएको छ ।

पक्राउ पर्नेमा भारतको सोनवर्षाका ३७ वर्षीय सुरेन्द्र महतो (आषिश) र ४८ वर्षीय प्रमोद कुमार रहेका सशस्त्र प्रहरीले जनाएको छ । नक्कली नोट बोकेर भारतीय बजार सोनवर्षाबाट नेपालतर्फ प्रवेश गर्न लाग्दा नाकामै उनीहरू पक्राउ परेका हुन् । सीमा छेउको गोरखकालीस्थित भन्सार कार्यालय अगाडि ड्युटिमा बसेका सशस्त्र प्रहरीले उनीहरूलाई नक्कली नोटसहित पक्राउ गरेका हुन् ।

सशस्त्र प्रहरी बल १० नं गणका सशस्त्र प्रहरी प्रमुख प्रहरी उपरीक्षक भरत खनियाँका अनुसार उनीहरू बीआर ३० वाइ ४१३९ नम्बरको भारतीय मोटरसाइकलमा आएका थिए । ड्युटीमा रहेका सशस्त्र प्रहरीलाई शङ्का लागेपछि चेकजाँच गर्ने क्रममा मोटरसाइकलको डिक्की र सिटको बीचमा लुकाएर ल्याएको रु एक हजार दरका ११५ नोट बरामद भएको हो । पक्राउ परेका दुवैलाई अनुसन्धानका लागि नेपाल प्रहरीको जिम्मा लगाइएको सशस्त्र प्रहरीले जनाएको छ । उनीहरूलाई शनिबार नियन्त्रणमा लिएको भए पनि सोमबार मात्रै सार्वजनिक गरिएको हो ।

# पाँच महिनामा ३० अर्ब वैदेशिक लगानी प्रतिबद्धता

काठमाडौँ, ६ पुस (रासस) ।

चालू आर्थिक वर्षको पाँच महिना गत साउनदेखि मङ्सिर २१ गतेसम्म तीस अर्ब विदेशी लगानी प्रतिबद्धता आएको छ ।

उद्योग विभागले सार्वजनिक गरेको पाँच महिनाको तथ्याङ्क अनुसार रु ३० अर्ब बराबरको लगानीमा १२२ वटा उद्योगमा विदेशी लगानी प्रतिबद्धता आएको हो । विभागका सूचना अधिकारी ज्ञानेन्द्र पराजुलीका अनुसार विभिन्न छवटा शीर्षक अन्तर्गत उक्त उद्योग दर्ता भएका छन् ।

जसमा सबैभन्दा धेरै लगानी प्रतिबद्धता सेवामूलक क्षेत्रमा आएको छ । सो क्षेत्रका ३५ उद्योगमा मात्रै रु १५ अर्ब ९५ करोड बराबरको लगानी प्रतिबद्धता आएको हो ।

यस्तै, कृषि तथा वन पैदावारमा आधारित उद्योगमा चीनबाट चार वटा लगानी प्रतिबद्धता आएको छ । प्रति उद्योगमा रु १५ करोडका दरले चार उद्योगमा रु साठी करोड लगानी प्रतिबद्धता आएको तथ्याङ्कमा उल्लेख छ । ऊर्जामूलक उद्योगमा नेदरल्याण्डबाट एक उद्योगमा रु पाँच करोड ६० लाख, सूचना, सञ्चार तथा प्रसारण प्रविधिमा आधारित ६ उद्योगमा रु ४५ करोड लगानी आएको छ

उत्पादनमूलक क्षेत्रका १९ उद्योगमा रु तीन अर्ब २४ करोड र पर्यटनसँग सम्बन्धित ५५ उद्योगमा रु नौ अर्ब ५५ करोड बराबरको लगानी प्रतिबद्धता आएको छ । नयाँ व्यवस्थाअनुसार रु पाँच करोड भन्दा कम लगानीमा नेपालमा विदेशी लगानीको उद्योग दर्ता हुदैन ।

विभागले सार्वजनिक गरेको पाँच महिनाको विदेशी लगानी प्रतिबद्धतामध्ये सबैभन्दा धेरै लगानी प्रस्ताव चीनबाट आएको पाइएको छ । तथ्याङ्क अनुसार पाँच महिनामा कूल प्रतिबद्धताको करिब ८० प्रतिशत चीनबाट आएको छ । चीनबाट १०२ उद्योगमा रु २३ अर्ब ६४ लाख बढीको प्रतिबद्धता आएको छ ।

# रेडक्रसका कर्मचारी एक हप्तादेखि आन्दोलित

काठमाडौँ, ६ पुस (रासस) ।

नेपाल रेडक्रस सोसाइटी तदर्थ समितिले विधान एवं नियमावलीविपरीत काम गरेको जनाउँदै त्यहाँ कार्यरत कर्मचारीले एक हप्ताअघिदेखि आन्दोलनमा उत्रेका छन् ।

मानवीय सेवालाई चुस्त बनाउन अहं भूमिका निर्वाह गर्ने उनीहरु आन्दोलित हुँदा सोसाइटीका दैनिक सेवा प्रभावित समेत बनेको जनाइएको छ । तदर्थ समितिको २०७७ साल पुस ९ गतेको बैठकले कार्यकारी निर्देशकको पदावधि तीन वर्ष र निर्देशकको पदावधि पाँच वर्ष तोक्ने निर्णय गरेको थियो । यो निर्णय सोसाइटीको विद्यमान ऐन, नियम र नियमावली विपरीत जनाउँदै कर्मचारीले जिल्ला प्रशासन कार्यालय काठमाडौँमा निवेदन दिएका थिए । प्रशासनले विधान एवं नियमावली विपरीतका काम नगर्नु भनी सोसाइटीलाई पत्राचार गरेको छ । तदर्थ समितिले प्रशासन कार्यालयका पत्राचार विपरीत कार्यकारी निर्देशक र एक जना निर्देशकलाई सेवाबाट अवकाश दिन थालेपछि कर्मचारी आन्दोलित भएका हुन् । कार्यकारी निर्देशक उमेश ढकाल र निर्देशक डा मनिता राजभण्डारीलाई तदर्थ समितिले अकस्मात् अवकाशको पत्र दिएको बताइएको छ ।

विसं २०७२ को विनाशकारी भूकम्पपछि खोज, उद्धार तथा पुनस्थापन तथा यसपछि पुन निर्माणमा कार्यकारी निर्देशक ढकालले अहं नेतृत्व निर्वाह गर्नुभएको जनाइएको छ । सोसाइटीले विपद र यसपछि अवलम्बन गरेको पुनर्निर्माण नीतिलाई अहिले रेडक्रसको अन्तराष्ट्रिय महासंघ (आइएफआरसी)ले अनुकरण गरी विभिन्न देशमा अवलम्बन गरेको बताइएको छ । यसैगरी डा राजभण्डारीले विशेष गरी रक्तसेवालाई अझ प्रभावकारी बनाउनु भएको थियो ।

तदर्थ समितिको गत मङ्सिर २२ गतेको निर्णयले उहाँहरुलाई अवकाश दिइएको हो । उच्च नेतृत्वलाई अवकाश दिएपछि सोसाइटीका सम्पूर्ण कर्मचारीले सो निर्णय फिर्ता लिन माग गर्दै हस्ताक्षर अभियान समेत गरेका थिए । साथै सङ्घको ब्यानरमा एक हप्तादेखि उनीहरु आन्दोलनमा उत्रेका हुन् । तदर्थ समितिले ती पदमा विज्ञापन गर्न लागेको जनाइएको छ ।

उच्च अदालत पाटनको आदेशअनुसार यही पुस ३ गतेदेखि तदर्थ समिति नै अवैध भएको कर्मचारीको भनाइ छ । सरकारले २०७७ साउन १२ गते रेडक्रसको तत्कालीन कार्य समिति भङ्ग गरी नेत्र तिमल्सिनाको अध्यक्षतामा तीन महिनामा अधिवेशन गर्ने गरी नयाँ कार्यसमिति गठन गरेको थियो । कोभिडका कारण तीन महिनामा अधिवेशन गर्न सकिएन भनी नेपाल राजपत्रमा सूचना प्रकाशन गरेर एक वर्ष म्याद थप भएको थियो । म्याद थप भएको एक वर्षमा पनि कोरोना महामारीले निषेधाज्ञा जारी भएको समय उच्च अदालतले थप गरेकामा त्यो पनि पुस ३ गते सकिएको कर्मचारी सङ्घका अध्यक्ष विष्णु तिमल्सिनाले बताउनुभयो ।

सङ्घको नेतृत्वमा कर्मचारी संरचनाको सम्मान गर, भूतप्रभावी निर्णय खारेज गर, विधि पद्धति नभत्काऊ, कर्मचारीसम्बन्धी निर्णयमा सहभागी बनाऊ, कर्मचारी नियमावलीको सम्मान गर, कार्यादेश पालना गर, 'चेन अफ कमाण्ड' कायम गराऊ, उपदानका विषयमा कुरा सुनलगायत 'प्ले कार्ड' राखेर तालाबन्दीसहित धर्नामा बसेका छन् ।

सोसाइटी तदर्थ समितिका अध्यक्ष तिमल्सिना आगामी माघ ४ गतेसम्म तदर्थ समितिको समय बाँकी बताउनुभयो । मानवीय सेवामा समर्पित हुने भनी विश्वमै नाम कमाएको रेडक्रस नेपालमा भने पछिल्लो समय विभिन्न विवादमा मुछिने गरेको छ ।

# कोरोनाविरुद्धको खोप अभियान सफल बनाउन सरकारको अपिल

काठमाडौँ, ६ पुस (रासस) ।

सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले आगामी चैत्रभित्र सबै जनतालाई कोरोनाविरुद्धको खोप दिने सरकारको अभियानलाई सघाउन अपिल गर्नुभएको छ ।

कोभिड-१९ विरुद्धको विशेष खोप अभियानबारे प्रधानमन्त्री शेरबहादुर देउवाको अध्यक्षतामा सोमबार सिंहदरबारस्थित प्रधानमन्त्रीको कार्यालयमा भएको प्रदेश सरकारका मुख्यमन्त्रीहरूसँगको छलफलमा प्रवक्ता कार्कीले चैतभित्र पूर्ण खोप पु¥याउने अभियान सफल बनाउनु सबैको कर्तव्य भएको बताउँदै प्रधानमन्त्रीको अठोटलाई पूरा गर्न आ-आफ्नो क्षेत्रबाट सहयोग गर्न अपिल गर्नुभयो ।

प्रवक्ता कार्कीले भन्नुभयो, "प्रधानमन्त्रीले मुलुकको कार्यभार सम्हाल्दै गर्दा जनताको जीवन रक्षाका निमित्त खोप लगाउन बाँकी सबै नेपालीलाई चैतभित्र पूरा गर्ने अठोट गर्नुभएको थियो, त्यो प्रतिवद्धता विश्वासमा परिणत भएको छ, सोमबार खोपको सन्त्रासबाट विस्तारै हाम्रो समाज उन्मुक्तितर्फ अगाडि बढेको छ, चैत्रभित्र सरकारले खोपसँगै आर्थिक व्यवस्था पनि गरेको छ, अब यसलाई सफल बनाउनु सबैको उत्तिकै भूमिका हुन्छ ।"


**आगो वा हिटर प्रयोगमा होसियारी अपनाऔं।**

- झ्याल, ढोका थुनेर आगो वा हिटर नबालौं,
- सुत्ने बेला बालेको आगो वा हिटर निभाऔं,
- आगो वा हिटर बालबालिकाको पहुँचभन्दा पर राखौं,
- हावाको उचित ओहोरदोहोर हुनेगरी मात्र आगो वा हिटर बालौं,
- सकेसम्म बाथरुममा ग्यास गिजरको प्रयोग नगरौं । गर्नै परेमा भेन्टिलेसन खुला राखौं ।

झ्यालढोका थुनेर आगो वा हिटर प्रयोग गर्दा अक्सिजनको कमी हुन गई ज्यान जान सक्दछ ।

नेपाल सरकार
विज्ञापन बोर्ड



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु →

ipay remit
CITY EXPRESS MONEY TRANSFER
Money Transfer Made Easy
Best Remit Quick & Easy
prabhu Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*